आज मिति २०७७ जेठ २६ गतेका दिन यस लमही नगरपालिकाका नगर प्रमुख श्री कुलबहादुर के.सी. ज्यूको अध्यक्षता तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो ।

## उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कुल बहादुर के.सी. | नगर प्रमुख | |
| २ | श्री देवका बेल्बासे | नगर उपप्रमुख | |
| ३ | श्री तुमराज पौडेल | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेपालु चौधरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री बाबुराम चौधरी | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सुवाश न्यौपाने | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री विम बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री गणेशमान चौधरी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री मोहन गिरी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री मेघनारायण चौधरी | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री भेष बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राधा देवी के.सी. | नगर कार्यपालिका सदस्य | |
| १३ | श्री नारायणी खड्का | नगर कार्यपालिका सदस्य | |
| १४ | श्री अनिता चौधरी | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री सुनिता कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बम बहादुर विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री ठगे नेपाली | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री रमेश कुमाल | नगर कार्यपालिका सदस्य | |
| २० | श्री टोपेन्द्र बहादुर के.सी. | सदस्य सचिव | |

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ
५ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## मिति २०७७०२२६ गते बसेको नगर कार्यपालिका बैठकको निर्णयहरु :

निर्णय नं. १ : कोभिड १९ को संक्रमण नियन्त्रण र रोकथामको लागि विभिन्न वडामा संचालन गरिएको क्वारेन्टिन व्यवस्थापन, ISOLATION केन्द्र स्थापना तथा स्वास्थ्य सामग्री खरिद लगायत कोरोना भाइरसको संक्रमण नियन्त्रण तथा रोकथामका विभिन्न कार्यक्रमका लागि थप बजेट आवश्यक देखिएको हुदा चालू आर्थिक बर्षका तपसिल अनुसारका योजना, कार्यक्रमका शिर्षक बाट १(एक) करोड रुपैया आगामी नगरसभाबाट अनुमोदन गर्नेगरि कोरोना नियन्त्रण राहत कोषमा रकमान्तर गर्ने ।

तपसिल :

| क्र. सं. | योजना कार्यक्रमको शिर्षक | खर्च शिर्षक नं. | कुल विनियोजित रकम | कोरोना कोषमा राख्ने रकम |
|---|---|---|---|---|
| १. | लक्षित वर्गका लागि तालिम | २२५१२ | २ लाख | २ लाख |
| २. | बौद्धिक अपाङ्गका लागि सिकाई केन्द्रको व्यवस्था | २२५२२ | ५ लाख | ५ लाख |
| ३. | पानी तथा विजुली | २२१११ | ५ लाख | ४ लाख |
| ४. | मसलन्द तथा कार्यालय सामग्री | २२३११ | ८९ लाख | २० लाख |
| ५. | पुस्तक तथा सामग्री खर्च | २२३१३ | ५ लाख | ३ लाख |
| ६. | इन्धन अन्य प्रयोजन | २२३१४ | ९ लाख | ८लाख |
| ७. | सूचना प्रणाली तथा सफ्टवयर संचालन खर्च | २२४१२ | १५ लाख | १० लाख |
| ८. | सरसफाई सेवा शुल्क | २२४१४ | ४ लाख | ४लाख |
| ९. | कर्मचारी तालिम | २२५११ | ९ लाख | ८लाख |
| १० | मेयर कप खेलकुद | २२५२२ | १५ लाख | १५ लाख |
| ११ | अन्य भाडा | २८१४९ | ३ लाख | २ लाख |
| १२. | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २११३५ | ७० लाख | १९ लाख |
| | | | जम्मा | १ करोड |

निर्णय नं. २ : कोभिड १९ को संक्रमण देखिएका व्यक्तिहरुलाई राख्न तथा उपचारको लागि देउखुरी क्षेत्रका ४ वटै पालिकाहरुको संयुक्त लगानीमा राप्ती प्राविधिक शिक्षालयमा निर्माण गरिने देउखुरी कोरोना विशेष देउखुरी आईसोलेसन (ISOLATION) सेन्टर संचालन र लमही नगरपालिकाको आफ्नै लमही आईसोलेसन (ISOLATION) केन्द्र स्थापना सम्वन्धमा देहाय बमोजिम गर्ने ।

क) देउखुरी कोरोना विशेष देउखुरी आईसोलेसन (ISOLATION) सेन्टरको लागि लमही नगरपालिकाको तर्फबाट आवश्यक स्वास्थ्यकर्मी खटाउने ।

ख) सो देउखुरी कोरोना विशेष आईसोलेसन सेन्टर संचालनको लागि यस नगरपालिकाको तर्फबाट १५ लाख रकम तत्काल उपलब्ध गराउने ।

ग) साथै लमही नगरपालिका वार्ड नं. ५, रातोडाँडा स्थित नेत्रलाल स्मृति भवनमा लमही नगरपालिकाको आफ्नै लमही आईसोलेसन (ISOLATION) केन्द्र संचालनको तयारी गर्ने र त्यसको लागि आवश्यक पर्ने थप स्वास्थ्यकर्मी व्यवस्था गर्ने ।

नगर कार्यपालिकाको कार्यालय लमही, दाङ

२०७७।२।२६

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णय नं. ३ : यस लमही नगरपालिकाको सातौं नगरसभा मिति २०७७/०३/०५ गते आव्हान गर्ने । तथा सोही दिन सभामा आ.व.२०७७।०७८को नीति तथा कार्यक्रम पेश गर्ने । आगामी आर्थिक बर्ष २०७७।०७८ को बार्षिक बजेट २०७७।०३।१० गते पेश गर्ने ।

निर्णय नं. ४ : लमही नगरपालिका ९ नं. वडा कार्यालयको च.नं.४७४ मिति २०७७।०२।२२ गतेको सिफारिस पत्रमा लेखिआए अनुसार लौरी रिहार देखि पैते हुँदै भतरकुण्डीसम्म जोडने ट्रयाक खोल्ने क्रममा निस्केको ढुङ्गा र श्री बगार बाबा गोरक्ष गौधामको गाई तथा जंगली जीवजन्तुहरुलाई पानी खानको लागि पोखरी निर्माण गर्ने क्रममा निस्केको ढुङ्गा गरि २ (दुई) स्थानको ढुंगा तत्काल राजश्व संकलन गरि व्यवस्थापन नगरेमा चोरी भई खेर जान सक्ने देखिएकाले नगरपालिकाको प्राविधिक टोलीबाट नापजाँच गरि निस्किएको ढुङ्गाको परिमाण सहितको प्रतिवेदनको आधारमा उक्त ढुङ्गालाई अमानत बाट नगरपालिकाले जनताको तटबन्ध कार्यक्रम अन्तर्गत राप्ती नदीको कालिपुरुवा घाट क्षेत्रमा भईरहेको तटबन्ध निर्माण कार्यक्रममा मात्र प्रयोग गर्ने गरि उक्त तटवन्ध निर्माण कार्यमा संलग्न वाईवा कन्स्ट्रक्सन कम्पनी, काठमाडौंलाई नियमानुसार राजश्व लिई विक्रि तथा ढुवानी गर्न स्वीकृति दिने ।

निर्णय नं. ५ : COVID–19 को महामारीका कारण विद्यमान बन्दाबन्दीलेगर्दा WASH योजना निर्माण कार्य प्रभावित भएकोमा ५ नं. प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयको च.नं. २८०३, मिति २०७७।०२।११ को पत्रानुसार उक्त कार्य चालू आ.व.२०७६।०७७ मा सम्पन्न गर्ने व्यवस्था मिलाउने र सो को लागि साविक वास संयोजकलाई मिति २०७६।१२।१६ देखि लागु हुने गरी यस आ.व.को लागि म्याद थप गरि तलव भत्ता दिई काममा लगाउने र वास कार्यक्रमलाई निरन्तरता दिने ।

निर्णय नं. ६ : लमही नगरपालिका वार्ड नं. ३ को मजगाउँ भैसकोर्मा जोडने बाटोमा गत आ.व. २०७५।०७६मा प्रयोग भएको ८ ओटा ४५ इन्च र २ ओटा ३० इन्चका ह्युमपाईपहरुको विल बमोजिमको रकम चालू आ.व.२०७६।०७७ को मजगाउँदेखि भैसकोर्मा जाने बाटो स्तरोन्नति शिर्षकमा रहेको ५ लाख मध्ये बाट भूक्तानी दिने ।

निर्णय नं. ७ : वडा नं. ९ स्थित गौशालामा टिनको छानो राख्दा खर्च भएको रकम सम्वन्धमा प्राविधिक मूल्याङ्कनको आधारमा बढीमा रु ३ लाख सम्म नगरपालिकाको आन्तरीक श्रोतबाट भूक्तानी दिने ।

नगर कार्यपालिकाको कार्यालय लमही, दाङ ५ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ८ : इलाका प्रहरी कार्यालय अमिलियालाई सवारी साधन मर्मतको लागि रु ३० हजार प्रदान गर्ने ।

निर्णय नं ९ : लमही नगरपालिका ५ नं. वडा कार्यालयको च.नं. १८३४, मिति २०७७०२।२७ को पत्रमा लेखि आएको लमही नगरपालिका वार्ड नं. ५ मा लौतिहवा बाँध निर्माण २ पटक ठेक्का तथा १ पटक उपभोक्ता समितिबाट कार्य भई अन्तिम चरणमा रहेकोमा उक्त योजनाको केही भागको कार्य पूर्व इस्टिमेटमा छुट भएको र तत्काल सो छुट भएको इस्टिमेट गरि काम गर्न आवश्यक रकम व्यवस्था गरी बाँध संरक्षणको लागि गरिएको अनुरोध सम्वन्धमा छलफल भयो । उक्त योजनाको केही भागको कार्य पूर्व इस्टिमेटमा छुट भएको व्यहोरा बैठकले ठहर गर्दै तत्काल छुट भएको कार्य नगरेमा बाँधमा थप क्षति भई किसानको धानबालीमा समेत असरपर्ने कुरालाई मध्यनजर गदै सो छुट भएको कार्यको प्राविधिकबाट इस्टिमेट गराई तत्काल काम सम्पन्न गर्न आवश्यक रकम आन्तरिक स्रोतबाट व्यवस्था गर्ने ।

निर्णय नं. १० : यस लमही नगरपालिका वडा नं. ९ बस्ने ठोरे कुमाल तथा शोभा कुमालको घरमा मिति २०७७/०१/२८ गते अचानक हावाहुरी आई क्षति भएको सम्वन्धमा निवेदकको निवेदन, अस्थायी प्रहरी चौकी, रिहारको सरजमिन मुचुल्का तथा ९ नं. वडा कार्यालयको सिफारिस र लमही नगरपालिकाको बातावरण तथा विपत् व्यवस्थापन समिति बैठकको मिति २०७७०१।२५ गतेको बैठकको सिफारिस अनुसार नै हुने गरि निवेदक शोभा कुमाल (पति : ठोरे कुमाल) लाई घर मर्मतकोलागि राहत स्वरुप रु. २०,०००।-(बिस हजार) प्रदान गर्ने ।

निर्णय नं. ११ : यस लमही नगरपालिका वडा नं. १ बस्ने धनिराम चौधरीको घरमा मिति २०७७/०१/२५ गते अचानक हावाहुरी आई क्षति भएको सम्वन्धमा अस्थायी प्रहरी पोष्ट, लमही-१ नर्तिको सरजमिन मुचुल्का, लमही नगरपालिका १ नं. वडा कार्यालयको सिफारिस र लमही नगरपालिकाको बातावरण तथा विपत् व्यवस्थापन समिति बैठकको मिति २०७७०१।२५ गतेको कार्यपालिका बैठकमा सिफारिस गर्ने निर्णय अनुसार नै हुने गरि घर मर्मतको लागि श्री धनीराम चौधरीलाई राहत स्वरुप रु. २०,०००।-(बिस हजार) प्रदान गर्ने ।

नगर कार्यपालिकाको कार्यालय लमही, दाङ ५ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १२ :** यस लमही नगरपालिका वडा नं. ८, निम्बुखुटी बस्ने बिष्णु वि.क.को छोरी बर्ष १२ की पुष्पा वि.क. रोगबाट ग्रसित भएको तर निजको घरको आर्थिक अवस्था अत्यान्तै कमजोर भई उपचार गराउन समस्या भएकाले उपचारको लागि आर्थिक सहयोग गर्न लमही नगरपालिका ८ नं. वडा कार्यालयको सिफारिस र लमही नगरपालिकाको बातावरण तथा विपत् व्यवस्थापन समिति बैठकको मिति २०७७।०१।२६ गतेको बैठकको आर्थिक सहयोग गर्न सिफारिस गर्ने निर्णयअनुसार नै हुने गरि निजलाई उपचारको लागि आर्थिक सहयोग स्वरुप रु. १०,०००।-(दश हजार) प्रदान गर्ने ।

**निर्णय नं. १३ :** चालु आ.व. २०७६।०७७ मा नगरपालिकामा टेण्डर प्रक्रियाबाट ठेक्कामा लगाईएका योजनाहरुको विनियोजित बजेट रकम भन्दा प्रतिस्पर्धाको आधारमा कम रकममा स्वीकृत हुन गई बचत हुन आएको रकम सोही योजनाहरुमा प्राविधिकबाट मूल्याङ्कन गरी कोटेशन प्रकृया वा उपभोक्ता समिति/टोल विकास संस्था बाट योजना सञ्चालन गर्ने व्यवस्था मिलाउने भन्ने पूर्व निर्णयमा छुट हुन गएको लमही नगरपालिका वार्ड नं. ९ को रिहार देखि कोलतारा हुदै तरुलिया सडक कालोपत्रे योजना समेतलाई सोही प्रकृया बमोजिम गर्ने ।

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही, दाङ ५ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner